

# अध्याय - १

# परमेश्वरको परिवारमा सहभागिता

***मूल पदहरू*** : गलाती ३:२६,२९; भजन ७०:१०-२१; १ इतिहास २९:१३,१४; फिलिप्पी ४:१९; १ यूहन्ना ५:३ र मत्ती ६:१९-२१।



***यस अध्यायको मूल सार पदः*** "हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि।" १ यूहन्ना ३:१।

हामी येशूका भक्तहरू भएको हैशियतले हाम्रो परमेश्वरसँगको सम्बन्धमा एक अचम्मको जिम्मा हामीलाई उहाँले सुम्पन्नु भएको छ। यस संसारमा हुने उहाँको गतिविधिमा सहभागी हुन र प्रवन्धक हुन उहाँले हामीलाई जिम्मेवारी दिनुभएको छ। मानव इतिहासकै सुरुमा परमेश्वरले आदम र हव्वालाई अति असल र खोटरहित पृथ्वीलाई व्यक्तिगत हेरचाह गर्न स्पष्टरूपमा जिम्मा लगाउनुभएको थियो (उत्पत्ति २:७-९,१५)। विभिन्न पशुपंक्षीहरूलाई नाउँ दिने काम अऱ्हाउनुभएर, बगैंचाको हेरचाह गर्न लगाउनुभएर र पृथ्वीमा सन्तानहरूले भरियोस् भन्ने आशिष दिनुभएर, परमेश्वरको निम्ति काम गर्ने उद्देश्यले हामीलाई सृष्टि गरिएको हो भनेर उहाँले थाहा दिनुभएको थियो।

परमेश्वरले हामीलाई विभिन्न स्रोत र साधनहरूले आशिष दिनुभएको छ। तिनीहरूको सुरक्षित गर्न, संभार गर्न र व्यवस्थित गर्न हामीलाई उहाँले जिम्मावाल खटाउनुभएको छ। उहाँले हामीलाई दिनुभएको अभिभारामा मेहनत

वा परिश्रम गर्ने, पैसा जम्मा गर्ने, चेकहरू लेख्ने, विद्युतीय माध्ययमबाट पैसाको कारोबार गर्ने, आर्थिक आयव्यय अर्थात् बजेट बनाउने, साबथ बिहान दशांस र भेटीहरू ल्याउने आदि समावेश भएको छ। हाम्रो आवश्यकता पूरा गर्न, अरूहरूको आवश्यकताहरूलाई सहयोग गर्न र परमेश्वरको काममा प्रगति गर्न उहाँले दिनुभएको स्रोत र साधनहरू प्रयोग गरोस् भनेर उहाँले हामीलाई उत्साह दिनुहुन्छ। यो अचम्मको छ। धर्मको नाउँमा घरबार सबै छोडेर बनवास जाऊ, गरिब र नाङ्गो हुन सिक, जोगी होऊ, बिहाबारी नगर जस्ता शिक्षाहरूको बिपरित परमेश्वरले हामीलाई बिहाबारी गर, घरजम गर, उहाँले दिनुभएको छोराछोरीहरू हुर्काउ, उहाँको निम्ति भवनहरू बनाऊ, र आउने पुस्ताहरूलाई शिक्षित बनाऊ भन्ने जिम्मा परमेश्वरले नै हामीलाई दिनुभएको छ।

परमेश्वरको परिवारको भाग भएर वा त्यसमा सहभागी भएर परमेश्वरले हामीलाई के अवसर र उत्तरदायित्व दिनुभएको छ सो यस अध्यायमा हामी नियाल्नेछौं।

## १. हामी सबै जना परमेश्वरको परिवारको भाग हौं

**"यसैकारण म पिताको सामने आफ्ना घुँडा टेक्तछु, जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ।" एफिसी ३:१४-१५। यस पदमा के चित्रणलाई हाम्रो दिमागलाई जगाउँदछ र त्यसमा हामीलाई के आशा पल्हाइदिएको छ?**

**भिँड वा सर्वसाधारण मानिसहरूलाई** डाँडामा दिनुभएको उपदेशमा येशूले प्रार्थना गर्ने ढाँचा सिकाउनुभएको थियो। त्यस प्रार्थनाको सुरुमा उहाँले भन्नुभएको थियो, "जब तिमीहरू प्रार्थना गर्छौं तब यसरी प्रार्थना गर, 'स्वर्गमा रहनुहुने हे पिता, तपाईंको नाउँ पवित्र गरियोस्'" (मत्ती ६:९ रूपान्तरित)। पछि त्यही प्रार्थना आफ्ना चेलाहरू एक्लै भएको बेलामा दोहोऱ्याउनुहुन्छ (लूका ११:२)। येशूले उहाँका पितालाई "स्वर्गमा रहनुहुने हाम्रो पिता" भनेर हामीले सम्बोधन गरोस् भन्ने उहाँको चाहना थियो। पुनरुत्थान भएपछि येशू मेरीकहाँ देखा पर्नुभएको थियो। येशूलाई चिनेर उहाँलाई अङ्गाल्न मार्न चाहेकी थिइन्। तर येशूले उनलाई भन्नुभयो, "मसँग नझुण्डिनु, किनभने म मेरो पिताकहाँ उक्लिएको छैन; तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भन, 'म मेरो र तिमीहरूको पिताकहाँ जाँदैछु। उहाँ मेरो र तिमीहरूको परमेश्वर हुनुहुन्छ।'" (यूहन्ना २०:१७ रूपान्तरित)।

येशूको र हाम्रो पिता एकै हुनुभएकोले येशू हाम्रो दाजु हुनुहुन्छ। उहाँलाई विश्वास गर्ने र माया गर्ने हामी सबै प्रभुमा दाजुभाइदिदी बहिनीहरू हौं। येशू सांसारिक परिवारको सदस्य हुनुभयो ताकि हामी स्वर्गको परिवारको सदस्य हुन सकौं। "स्वर्गको परिवार र पृथ्वीको परिवार एकै हुन्।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ८३२बाट रूपान्तरित।

**हामीसँग परमेश्वरको सम्बन्ध कस्तो छ भनेर देहायका केही पदहरू पढ्नुहोस्। ती पदहरूले हामीलाई किन उत्साह दिन सक्छ? हेर्नुहोस्, "अब हेर, इस्राएलीहरूको पुकार मकहाँ आइपुगेको छ। मिश्रीहरूले तिनीहरूमाथि गरेको अत्याचार मैले देखेको छु। यसकारण अब जाऊ, मेरा प्रजा, अर्थात् इस्राएलीहरूलाई मिश्रबाट निकालेर ल्याउन म तिमीलाई फारोकहाँ पठाउँदैछु।" प्रस्थान ३:९-१०; "त्यसपछि मोशा र हारून फारोकहाँ गएर भने, "परमप्रभु इस्राएलीहरूका परमेश्वर यसो भन्नुहुन्छ, 'उजाड़-स्थानमा मेरो निम्ति चाड़ मनाउनलाई मेरो प्रजालाई जान देऊ'।" र "किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।" गलाती ३:२६-२९।**

कतिपय वैज्ञानिक, दार्शनिक तथा तर्कशास्त्रीहरू र कतिपय धर्मका अनुयायीहरूले हामी मानव प्राणी चिसो पदार्थ र प्राकृतिक नियमसँग सम्बन्ध नभएको अचानक आपसेआप सृष्टि भएको हो भनेर सिकाउँदछन्। तर त्यसको विपरित सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ, जसले हामीलाई सृष्टि गर्नुभयो भनेर मात्रै नभनिकन उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हामी स्वर्गको परिवारका सदस्यहरू हौं भनेर चित्रण गर्नुभएको छ। बाइबलले प्रायजसो मानव परिवारलाई परमेश्वरको परिवारको अभिन्न अङ्ग हो, त्यसकारण एक आपसमा पारिवारिक सम्बन्ध कायम गरेर चलोस् भनेर सिकाउँदछ। येशूले इस्राएलाई "मेरा जनहरू," भनेर सम्बोधन गरोस् वा हामीहरू "परमेश्वरका छोराछोरीहरू" भनेर कहलाइयोस्, वा परमेश्वरलाई "हाम्रो पिता" भनेर मानोस् यहाँ हामीलाई भन्न खोजेको कुरो एउटै होः जसरी परिवारका सदस्यहरूको बीचमा स्नेह, माया र ममताको सम्बन्ध हुन्छ, त्यसरी नै परमेश्वरले हामीलाई उहाँकै परिवारका सदस्य भनेर माया गर्नुहुन्छ। यस बिग्रिएको संसार, अनेकौं जाति, धर्म, राष्ट्र र

वर्णले बिभाजित र पूर्वाग्रहले ग्रसित र एक आपसमा शत्रुवर व्यवहार गर्न मानव प्राणीको निम्ति परमेश्वर हाम्रो सबैको पिता हुनुहुन्छ र हामी सबै दाजुभाइदिदीबहिनीहरू हौं भन्ने बाइबलले सिकाएको वचन के हाम्रो निम्ति सुसमाचार होइन र?

*मानौँ यस संसारमा हामी सबैले एकै परिवार भएर एक आपसमा व्यवहार गर्‍यौँ भने कस्तो संसार हुने होला, कल्पना गर्नुहोस्। हामी येशूभक्त भएको हैशियतले र परमेश्वर पिता सबैको पिता हुनुहुन्छ भन्ने धारणालाई आत्मसात् गरेकोले सबै मानिसहरूलाई दाजुभाइ-दिदीबहिनीहरू जस्तो गरेर सम्बन्ध राखेर चल्न हामी कसरी सिक्न सक्छौँ?*

## २. परमेश्वर यस संसारका सबै थोकको मालिक हुनुहुन्छ

देहायका पदहरू पढ्नुहोस्। यहाँ हामीलाई के सन्देश दिएको छ। यहाँ देखाएको सत्य हाम्रो निम्ति कतिको अर्थपूर्ण छ? हामीसँग जे छ त्योसँग हाम्रो सम्बन्ध कस्तो हुनुपर्छ? **हेर्नुहोस्,** "जङ्गलको हरेक बस्तु र हजारौं डाँड़ाहरूका गाईबस्तु मेरै हुन्।

पर्वतहरूको प्रत्येक पक्षीलाई म चिन्छु, र भूमिका सबै प्राणीहरू मेरै हुन्। म भोकै भए तापनि तिमीलाई भन्नेथिइनँ, किनकि पृथ्वी र त्यसमा भएका यावत् थोक मेरै हुन्।" भजनसंग्रह ५०:१०-१२; "पृथ्वी र त्यसमा भएका जो-जति छन् सबै परमप्रभुका हुन्, संसार र त्यसमा वास गर्नेहरू सबै उहाँकै हुन्।" भजनसंग्रह २४:१; "हे परमप्रभु, महानता, शक्ति, महिमा, गौरव र ऐश्वर्य तपाईंकै हुन्, किनकि स्वर्ग र पृथ्वीमा भएका सबै कुरा तपाईंकै हुन्। हे परमप्रभु, राज्य तपाईंकै हो, अनि सबैमाथि तपाईं सर्वोच्च हुनुहुन्छ। धन र मान तपाईंबाट नै आउँछन्। तपाईं नै सबैमाथि शासन गर्नुहुन्छ। पराक्रम र शक्ति तपाईंकै बाहुलीमा छन्, सबैलाई उच्च पार्न र शक्ति दिन तपाईंकै हातमा बल र शक्ति छन्। अब हे हाम्रा परमेश्वर, हामी तपाईंलाई धन्यवाद दिन्छौं, र तपाईंको महिमित नाउँको प्रशंसा गर्दछौं। “तर म को हुँ, अनि मेरा प्रजा को हुन्, कि हामी उदार-चित्तले यसरी दिन सक्छौं? सबै कुरा तपाईंबाटै आउँछन्, र तपाईंकै दानबाट हामी तपाईंलाई दिंदछौं।" १ इतिहास २९:११-१४ र "८ ‘चाँदी मेरै हो, र सुन पनि मेरै हो’ भनी परमप्रभु भन्नुहुन्छ।" हाग्गै २:८।

राजा दाउदले परमेश्वरको निम्ति भवन बनाउन इच्छा गरेको लेखा १ इतिहास १७ अध्यायमा छ। एक दिन अगमवक्ता नातानसँग यो चाहना

उनले व्यक्त गरेका थिए। त्यसको जवाफमा नातानले भन्छ, "तिम्रो मनमा भएको सबै काम गर, किनभने परमेश्वर तपाईंसँगहुनुहुन्छ" (१ इतिहास १७:२ रूपान्तरित)। तर त्यही रात परमेश्वरले नातानलाई एउटा सन्देश दिनुहुन्छ। त्यो सन्देशमा राजालाई यो सुनाऊ कि उनले परमेश्वरको निम्ति भवन बनाउन अनुमति छैन किनकि उनी रक्तालु वा युद्धको व्यक्ति थिए। बरु उनको छोरोले परमेश्वरको निम्ति भवन बनाउनेछ। यस सन्देशमा राजा दाउद बिचलित भएन तर कमसेकम भवनको निम्ति नक्सा, योजनाहरू बनाउन र निर्माण सामग्रीहरू जम्मा गर्न सकिन्छ कि भनेर उनले अनुमति मागे। परमेश्वरले उनको अनुमतिलाई स्वीकार्नुभयो। तब राजाले आफ्नो जीवनभर भवनको निम्ति निर्माण सामग्रीहरू जुटाउन थाले। उनले धेरै पत्थरहरू, देवदारु रूखहरू, फलाम, सुन, चाँदी र ढलौतहरू जम्मा गरे। ती कतिभए त्यसको लेखाजोखा नै गर्न सकिएको थिएन। जब सबै निर्माण सामग्रीहरू भवन बनाउने ठाउँमा जम्मा गरे तब राजा दाउदले इस्राएलका अगुवाहरूलाई जम्मा गरे अनि प्रशंसा र धन्यवादको समारोहको आयोजना गरे।

१ इतिहास २९:१३,१४ राजा दाउदको सार्वजनिक प्रार्थना थियो। उनी र उनका जनहरूहरूले समय र पैसा खर्च गरेर सबै निर्माण सामग्रीहरू जम्मा गरेतापनि ती सबैको वास्तविक स्रोत रहेछ भनेर उनले आफ्नो प्रार्थनामा उल्लेख गर्दछन्। उनको प्रार्थनाको सार यो छ, "यी सबै विशेष निर्माण सामग्रीहरूको श्रेय हामी लिन सक्दैनौं किनभने तपाईंकै सामनाहरू तपाईंलाई फिर्ता दिंदैछौं।"

दाउदले भन्न खोजेको कुरा हामी सबैको निम्ति महत्त्वपूर्ण छ, चाहे हामी धनी हौं र गरिब हौं (तर विशेष गरेर धनीहरूले यो कुरा बुझ्नु जरुरी छ)। सुरुमै परमेश्वरले सबै थोकको सृष्टि गर्नुभएको थियो (उत्पत्ति १:१; यूहन्ना १:३; भजन ३३:६,९), त्यसले गर्दा पृथ्वीमा भएका सबै थोकहरूको वास्तिविक मालिक उहाँनै हुनुहुन्छ। हामीसँग जे छ त्यो पनि उहाँकै हो। हामीले परिश्रम वा उद्यमी गरेर, लगनशील भएर र इमान्दारीतापूर्वक कमाएर धन जम्मा गरेतापनि ती सबै थोक उहाँकै हो। यदि परमेश्वर र उहाँको अनुग्रह नभए हामीसँग केही हुनेथिएन। वास्तविकरूपमा भन्ने हो भने हाम्रो अस्तित्व पनि हुने थिएन। त्यस परिप्रेक्ष्यमा हामी सबैले यो महसुस गर्नु जरुरी छ कि हामीसँग भएका सबै थोकहरूको मालिक परमेश्वर नै हुनुहुन्छ। उहाँको भलाइ र गुणप्रति धन्यवाद दिंदै, स्तुति प्रशंसा गर्दै रहने बानी बसाल्न

सक्यौं भने सारा सृष्टिको मालिक उहाँ नै हुनुहुन्छ भन्ने महत्त्वपूर्ण सत्यलाई हृदयमा राखिसक्ने हुनेछौं।

*इस्राएलको शक्तिशाली र भक्तिवान राजा दाउदले सार्वजनिकरूपमा यो स्वीकार गर्दछन्, "तर म को हुँ, अनि मेरा प्रजा को हुन्, कि हामी उदार-चित्तले यसरी दिन सक्छौं? सबै कुरा तपाईंबाटै आउँछन्, र तपाईंकै दानबाट हामी तपाईंलाई दिँदछौं।" १ इतिहास २९:१४ । यहाँ व्यक्त गरेको भावना र नीतिहरू कस्तो सुन्दर छ? परमेश्वरप्रति र हामीसँग भएका सबै थोकहरूप्रति हाम्रो मनस्थितिलाई कसरी प्रतिबिम्बित गरिरहेकाछौं?*

## ३. परमेश्वरका परिवारको निम्ति उपलब्ध भएका स्रोत र साधनहरू

आफ्ना सन्तानहरूलाई परमेश्वरको सबभन्दा ठूलो उपहार येशू ख्रीष्ट हुनुहुन्छ। उहाँले हामीलाई क्षमा दिनुभएर शान्ति दिनुहुन्छ। हाम्रो दैनिक जीवनलाई चाहिने अनुग्रह र आत्मिक वृद्धि र अनन्त जीवनको आशा पनि उहाँले नै दिनुहुन्छ।

"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।" यूहन्ना ३:१६। तर त्यो अनन्त जीवन पाउन एउटा सर्त छ। "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो।" यूहन्ना १:१२।

सबै उपहार वा बरदानको आधाराशीला मुक्ति हो वा मुक्तिको अनुभव हो। यो उपहार बिना परमेश्वरले दिनुहुने सबै थोकको अर्थ नै के छ र? यो संसारको तितो सत्य नै यो छ कि हामीसँग जे छ एक दिन हामी मरेपछि ती सबै हाम्रो निम्ति सखाप हुनेछन्। त्यतिमात्र नभएर हामीलाई सम्झिने सबै जना पनि बितेर जानेछन् र हामीले जतिसुकै असल काम गरेपनि ती बिर्सिनेछन्। त्यसकारण, हाम्रो जीवनको प्राथमिकतामा सुसमाचारको बरदान सर्वोपरी राख्नुपर्दछ। येश ख्रीष्ट र उहाँको क्रूस हाम्रो सबै सोचबिचारहरूको केन्द्रविन्दु हुनुपर्दछ।

यद्यपि, मुक्तिको साथै हामीलाई अरू धेरै थोक पनि दिनुहुन्छ। गाँस, बास र कपासको निम्ति चिन्ता गर्नेहरूलाई सान्त्वना दिँदै येशूले भन्नुहुन्छ, "पहिला परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर,अनि ती सबै

थोकहरू तिम्रो निम्ति थपिदिनेछन्" (मत्ती ६:३३ रूपान्तरित)। याद गर्नुहोस्, परमेश्वरको राज्यमा विधान छ, त्यो दश आज्ञा हो, र चौथो आज्ञामा छ दिन काम गर्नु भन्ने उहाँको सल्लाह होइन आदेश छ।

**देहायका पदहरू पढ्नुहोस्। हाम्रो दैनिक आवश्यकताहरूको निम्ति उहाँले के उपलब्ध गराउनुभएको छ? हेर्नुहोस्, "परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन।" भजनसंग्रह २३:१; "म जवान थिएँ, अब म वृद्ध भएको छु, तर धर्मी जनहरू त्यागिएका वा तिनका सन्तानले मागेर खानुपरेको मैले कहिल्यै देखेको छैनँ।" भजनसंग्रह ३७:२५ र "मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ।" फिलिप्पी ४:१९।**

आफू स्वर्गमा जानुभन्दा अघि येशूले आफ्ना चेलाहरूलाई सान्त्वना दिन पवित्र आत्माको बरदान स्वर्गबाट पठाउनुहुनेछ भनेर प्रतिज्ञा गर्नुभएको थियो। "तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ। र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न त देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ।" यूहन्ना १४:१५-१७। "जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।" यूहन्ना १६:१३-१५।

अनि पवित्र आत्माले नै परमेश्वरका सन्तानलाई अचम्मका आत्मिक बरदान वा दक्षताहरू दिनुहुन्छ (१ कोरन्थी १२:४-११ हेर्नुहोस्)।

छोटकरीमा भन्नुपर्दा जुन परमेश्वरमा हामी जिउँछौं, चल्दछौं र जसमा हाम्रो जीवनको अस्तित्व छ (प्रेरित १८:२८), जु परमेश्वरले सबैलाई जीवन दिनुहुन्छ, सास वा प्राण दिनुहुन्छ र सबै आवश्यकताहरू दिनुहुन्छ (प्रेरित १७:२५), त्यही परमेश्वरले हामीलाई अस्तित्वमा ल्याउनुभएको छ, मुक्ति दिने

प्रतिज्ञा गर्नुभएको छ, हामीलाई चाहिने भौतिक आशिषहरू दिनुभएको र आत्मिक बरदानहरू दिनुभएको छ। हामी र हामीसँग भएका यावत थोक र दक्षताहरू हाम्रो निम्तिमात्र होइन अरूहरूको हितको निम्ति पनि प्रयोग गरोस् भन्ने परमेश्वरको चाहना छ। फेरि, हामीमा जे भौतिक सम्पत्तिहरू छन्, जुनसुकै बरदान, दक्षता, शिप र खुबीहरू छन् तिनीहरूको लागि परमेश्वरसँग ऋणी हुनुपर्दछ र हामीमा भएका ती थोकहरू कसरी प्रयोग गर्छौं सो परमेश्वरबाट पाएका हौं प्रमाणित गरिरहेका हुन्छौं।

## ४. परमेश्वरको परिवारको सदस्यहरूका उत्तरदायित्वहरू

हामीले पाएका आत्मिक र अस्थाइ भौतिक आशिषहरू र दक्षता तथा खुबीहरूप्रति हामी सबै जना आनन्दित हुन्छौं र खुशी पनि छौं। त्यसको साथै हामी परमेश्वरको परिवारका सदस्यहरू हौं भन्ने आत्मज्ञानले हामीलाई सान्त्वना मिलिरहेको हुन्छ।

**देहायका पदहरूको अर्थ के हो र त्यसलाई हामीले कसरी व्यवहारमा उतार्दछौं? हेर्नुहोस्, "तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर।" व्यवस्था ६:५ र येशूले "तिनलाई भन्नुभयो, "तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो। दोस्रो पनि त्यस्तै छ, तिमीले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।" मत्ती २२:३७-४०।**

यथार्थमा भन्ने हो भने परमेश्वरलाई "सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले" कसरी प्रेम गर्ने? यो रोचक पनि छ कि त्यसको जवाफ हामीलाई बाइबलले नै दिंदछ। यसमा दिएको जवाफ त मानिसले अपेक्षा गरेको अनुसार नभएको भने पनि हुन्छ।

**बाइबलको अनुसार स्वर्गमा रहनुहुने परमेश्वर पितासँग हाम्रो प्रेम सम्बन्ध हुनुपर्दछ तर त्यो प्रेम हामीले कसरी उचित तवरले गर्ने? अर्थात् उहाँलाई हामी प्रेम गर्छौं, उहाँमाथि हाम्रो अगाढ आस्था र निष्ठा छ भनेर कसरी देखाउने? हेर्नुहोस्, "यसैकारण अब हे इस्राएली हो, परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूबाट चाहनुभएका कुरा यी नै हुन्: तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिंड, उहाँलाई प्रेम गर, आफ्नो**

**सारा हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गर, र तिमीहरूका हितको लागि मैले आज तिमीहरूलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरू मान।" व्यवस्था १०:१२-१३ र "परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र उहाँका आज्ञाहरू भारी छैनन्।" १ यूहन्ना ५:३।**

व्यवस्था पालन गर्ने? विधिको शासन मान्ने? परमेश्वरका दश आज्ञाहरू पालन गर्ने? दुर्भाग्यवस धेरै इसाईहरूले दश आज्ञाहरू खारेज भयो र त्यसलाई मान्नु जरुरत छैन भनेर सिकाउँदछन्। अझ विशेष गरेर चौंथो आज्ञा पालन गर्नेलाई त कतिपय इसाईहरूले नै विधिवादी वा परम्परावादी भनेर आरोप पनि लगाउँछन्। परमेश्वरलाई प्रेम गरे भइ हाल्छ नी र आफ्ना छिमेकीहरूलाई आफू जस्तो प्रेम गरे भइ हाल्छ नी भनेर ती इसाईहरूले दावी त गर्छन्। तर परमेश्वर आफ्नो वचनमा स्पष्ट हुनुहुन्छ, हामीले परमेश्वरलाई प्रेम गर्छौं र हाम्रा छिमेकीहरूलाई प्रेम गर्छौं भनेर प्रमाणित गर्न उहाँका आज्ञाहरू पालन गरेर देखाउनुपर्दछ। दश आज्ञामा परमेश्वर र छिमेकीलाई कसरी प्रेम गर्ने भनेर आचारसंहिता तोकिएको छ।

"परमेश्वरको प्रेम यही हो कि हामीले उहाँका आज्ञाहरूलाई पालन गर्दछौं" (१ यूहन्ना ५:३ रूपान्तरित)। हामीले परमेश्वरलाई प्रेम गरेकै कारणले हामी उहाँका आज्ञाहरूलाई शिरोपर गरेर चल्दछौं। जब हामी उहाँका आज्ञाहरू पालन गर्छौं तब हामीले परमेश्वरको प्रेमलाई अनुभव गर्न सक्दछौं।

मत्ती ७:२१-२७मा येशूले बुद्धिमान र मूर्ख मानिसले घर बनाएको अर्तीकथा भन्नुभएको थियो। उहाँका वचन सुन्ने र पालन गर्ने भनेको बुद्धिमानले आफ्नो घर बलियो चट्टानमा बनाएको जस्तै हो। तर परमेश्वरको वचन सुन्न त सुन्छ तर पालन नगर्ने वा सुने भइहाल्छ नी किन पालन गर्नुपर्ने भन्ने मनस्थिति हुने मानिस मूर्ख निर्माणकर्तासँग तुलना गरिएको छ। बचनचाहिँ सुन्ने तर पालन नगर्ने मानिस बालुवामा घर बनाउने जस्तो हो। तब हुरीबतास पानीको बाढी आयो तब त्यो घर ध्वस्त भयो। दुवै बुद्धिमानी र मूर्खले परमेश्वरको वचन त सुन्यो तर जीवन र मृत्यु तिनीहरूले पालन गर्ने र नगर्नेमा भर परेको थियो।

*परमेश्वरलाई प्रेम गर्नु र उहाँको व्यवस्था वा दश आज्ञालाई पालन गर्नुको बीचमा के सम्बन्ध छ? सोच्नुहोस् । परमेश्वरप्रति को प्रेम त्यसरी किन व्यक्त गरिन्छ? दश आज्ञाहरू पालन गर्दा हामीले परमेश्वरलाई प्रेम गर्छौं भनेर कसरी प्रकट हुन्छ? (साथै उहाँका आज्ञाहरू पालन नगर्दा कस्ता कस्ता परिणामहरू आफूले भोग्नुपर्छ त्यो पनि सोच्नुहोस्) ।*

## ५. स्वर्गमा धनसम्पत्ति जम्मा गर्नु

**देहायका पदहरूमा येशूले के निर्णायक सत्यहरू हामीलाई बताइरहनुभएको छ? हेर्नुहोस्, "आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन्। तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन। किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहीं तिम्रो मन पनि हुन्छ।" मत्ती ६:१९-२१।**

धनसम्पत्ति थुपार्‍यो अनि त्यसको उपभोग नगरिकनै मरेको वा त्यसलाई गुमाउनु परेको मानिसको कथा कसले सुनेको छैन र? हाम्रो संसार अत्यन्तै अस्थाइ छ र दिगो छैनः युद्धहरू, अपराध, हत्याहिंसा, प्राकृतिक प्रकोप, रोगव्याधीले गर्दा हामीले जतिसुकै मेहनत गरेर, विश्वासीलो र इमान्दारपूर्वक कमाएतापनि क्षणभरमा ती सबै नाश हुनसक्छ वा हामीबाट गुम्न सक्छ। अनि, हामीले अपेक्षा नगरेकै समयमा मृत्यु पनि आउँदछ। त्यसले गर्दा हामीमा जे छ वा हामी को हौं ती सबै कुनै न कुनै समयमा बेकारको हुनसक्छ।

धनी हुनु, सम्पन्न हुन्, धन जम्मा गर्नु गलत हो भनेर बाइबलले हामीलाई बताउँदैन। तर येशूले हामीलाई ती पदहरूमा चेतावनी दिन खोज्नुभएको यो हो की ती सबैलाई हामीले कुन दृष्टिकोणलेहेर्ने र प्रयोग गर्ने त्यसमा भर पर्दछ।

स्वर्गमा धन थुपार्नु भनेको के हो त? त्यसको अर्थ तपाईंको जीवन परमेश्वरलाई पहिलो प्राथमिकता दिने र तपाईंले जे गर्नुहुन्छ त्यसमा उहाँको लक्षलाई समावेश गर्ने। हामी पैसालाईमात्र प्राथमिकता वा पैसा नै सबै थोक हो भन्ने मनस्थितिमा लाग्नु हुन्न। अरूहरू साथै हामीसँग भएको धनसम्पत्ति परमेश्वरको कामको बिस्तार गर्न उपयोग गर्नुपर्छ, उहाँको राज्यको गौरब र प्रगतिको निम्ति प्रयोग गर्नुपर्छ, अरूहरूको हितको निम्ति काम गर्नुपर्दछ र

हामीसँग जे छ त्यो हाम्रोलागि मात्र होइन अरूहरूको आशिषको निम्ति पनि प्रयोग गर्नुपर्दछ।

उदाहरणमा अब्राहमको लिन सक्छौं। जब परमेश्वरले अब्राहमलाई उनको घरबाट निस्कनुभन्दा उनी नाङ्गोझार भएर निस्केन। उनले आफूसँग अथाह धनसम्पत्ति, पशु र नोकरचाकर आदि पनि लगेका थिए। अब्राहम र उनको परिवारले सारा संसारका परिवारहरूलाई आशिषको हुन उहाँले उनलाई बोलाउनु भएको थियो। परमेश्वरको मित्र कहलिने अब्राहमको (याकूब २:२३) बारेमा यसरी लेखिएको छ "१ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ। तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु।तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।" उत्पत्ति १२:१-३।

पावलले यसरी ठोकुवा गरेर लेख्दछन्, "यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष् पाएका छन्।" गलाती ३:९। जसरी अब्राहमलाई परमेश्वरले जुन कामको निम्ति बोलाउनुभएको थियो त्यही बोलाहत हामीलाई पनि भएको छ।

"पैसाको मूल्य ठूलो छ। यो धेरै असल र हितको निम्ति प्रयोग गर्न सकिन्छ। परमेश्वरका छोराछोरीहरूको निम्ति पैसा भनेको भोकाएकालाई खाना, तिर्खाएकोलाई पिउने पदार्थ, र नाङ्गको निम्ति लुगाफाटाहरू हुन्। समाजमा थिचिएका, हेपिएका तिरस्कृत वर्गको निम्ति यो लड्ने औजार हो र बिरामीहरूलाई सहयोग गर्ने माध्यम हो। तर जीवनको आबश्यकताहरूलाई पूरा गर्न, अरूहरूलाई आशिष दिन र येशूको कामलाई विस्तार गर्न पैसा प्रयोग गरिएन भने यो बालुवा जस्तै हुन्छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अवजेक्ट लेसनस्, पृ. ३५१बाट रूपान्तरित।

**"तिम्रो धनसम्पत्तिय जहाँ छ, त्यहाँ नै तिम्रो मन हुनेछ" (मत्ती ६:२१)। अहिले तपाईंको मन कहाँ छ जसले गर्दा तपाईंको धन कहाँ छ भनेर देखाउँछ?**

**उपसंहार:**

**थप जानकारी:** "संसारका छोराछोरीहरूको निम्ति परमेश्वरको प्रेम मृत्युभन्दा पनि कडा छ। तिनीहरूलाई उहाँको प्रेमले तान्दछ। आफ्नो प्रियपुत्र दिनुभएर परमेश्वरले सारा स्वर्ग नै एउटै उपहारमा वर्षाउनुभएको थियो। मानिसको मुक्तिको निम्ति मुक्तिदाताले आफ्नो जीवन दिनुभयो, मर्नुभयो, पुनरुत्थान हुनुभयो र मानिसहरूको निम्ति पहल गरिरहुनुहुन्छ, स्वर्गदूतहरूले सेवा गरिरहेका छन्, पवित्र आत्माले धकधक्याइरहनुहुन्छ र परमेश्वर पिता सर्वोपरी भएर सबैद्वारा काम गरिरहनुभएको छ। सारा स्वर्गका जीवहरू निरन्तररूपमा मानिसको मुक्तिको निम्ति खटाइएको छ।"-एलेन जी ह्वाइट, *स्टेप्सटु क्राइस्ट*, पृ. २१बाट रूपान्तरित ।

"यदि तपाईँले आफ्नो स्वार्थलाई त्याग्नुभयो र ख्रीष्टलाई अर्पण गर्नुभयो भने तपाईँ परमेश्वरको परिवारको सदस्य हुनुहुन्छ । परमेश्वर पिताको घरमा भएको सबै थोक तपाईँको निम्ति हो । परमेश्वरको सबै धनको भन्डार तपाईँको निम्ति खुला गरिएको छ, यस संसारमा तपाईँ रहुन्जेल र आउने संसारमा। स्वर्गदूतहरूको सेवा, पवित्र आत्माको बरदान, तपाईँको निम्ति परिश्रम गर्ने उहाँका सेवकहरू-ती सबै तपाईँको निम्ति हो । यस संसारमा भएको सबै थोक तपाईँको हो यदि तिनीहरूले तपाईँलाई भलो गर्छभने।"-एलेन जी ह्वाइट, *थटस् फ्रम द माउन्ट अब ब्लेशिङ्ग*, पृ. ११०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. परमेश्वरले आफ्ना जनहरूलाई अत्यन्तै उदेकका उपहारहरू दिनुभएको छ। तिनीहरूलाई सोच्दा भजनका लेखेकले सोधेको अनुसार हामी पनि सोध्न वाध्य हुनुपर्दछ, "परमप्रभुले मेरो निम्ति जति उपकार गर्नुभयो, त्यसको साटो म उहाँलाई के चढ़ाऊँ?" भजनसंग्रह ११६:१२। परमेश्वरले तपाईंलाई दिनुभएको आशिषहरू र बरदानहरूको सूची बनाउनुहोस् र उहाँप्रति आशिष हुन तिनीहरूले तपाईंलाई के सिकाउँदछ?

आ. परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भन्ने सोच्नु ठिक हो तर उहाँ हामीलाई सम्हाल्नु पनि हुन्छ भनेर बाइबलले बराबर सिकाएको छ। हेर्नुहोस्, हिब्रू १:३, अय्यूब ३८:३३-३७, भजन १३५:६, ७, कलस्सी १:१७, प्रेरित १७:२८, २ पत्रुस ३:७। जगतका

अनगिन्तियौं नक्षेत्रहरूदेखि हाम्रा मुटुहरूको धडकनसम्म, सारा अणुहरूको बनावटलाई एकत्रित पारेर सबै पदार्थहरू बन्नेसम्म सबैको अस्तित्व परमेश्वरको सम्हाल्ने शक्तिद्वारा भएको छ। परमेश्वरप्रति हाम्रो जिम्मेवारीहरू के छ भने त्यस बाइबलको सत्य वचनले हामीलाई बुझाउन सहयोग गर्दछ? उहाँले दिनुभएको जे थोक पनि त्यसप्रति हाम्रो कर्तव्य के हो? यस वास्तविक तथ्यले हाम्रो जीवन र जीवनको लक्ष्यलाई कसरी उचित दृष्टिकोणमा राखिराख्ने?

इ. परमेश्वरले हामीलाई दिनुभएको सबै थोकहरूमा येशू र मुक्तिको योजना किन अत्यन्त महान् बरदान हो भनेर यस अध्यायमा हामीले हेर्‍यौं। यो किन सत्य हो? यदि त्यस महान् आशा हामीमा छैन भने यस संसारमा हाम्रो जन्मनुको लक्ष्य के छ र? एक जना नास्तिक लेखकले मानव प्राणी केही होइन केवल बिग्रिएको हाडमासुमात्र हो" भनेर लेखेका थिए। सुसमाचार बिना उसको भनाइ किन उचितै देखिन्छ?

## कथा १

# लेक मलावीमा (अफ्रिका) मिशन फिल्ड



लेक मलावीको चिजुलु टापुमा पाथ फाइन्दरका सहभागीहरु भेला भएको थिए। त्यसमा विभिन्न शिक्षण संस्थाका युवा र युवतीहरू समावेश भएका थिए। त्यसबेला एउटा विश्वविद्यालयको लेभिसन क्वँगा भन्ने विद्यार्थी एक दिन टापुको सडकमा हिँडिरहेको बेलामा एक जना अपरिचित व्यक्ति उसकहाँ आएर बोले। क्वँगाले पाथ फाइन्डर पोशाक लगाइरहेको थियो। त्यस पोशाकप्रति उक्त अपरिचित व्यक्ति आकर्षित भएकी थिइन्।

"भाइ तिमी कहाँबाट आउँदैछौ?' बढो चासो देखाएर त्यस व्यक्तिले सोधिन्।

आफू एडभेन्टिस्ट चर्चमा आयोजना गरेको पाथ फाइन्डर कार्यक्रममा भाग लिएर फर्केको त्यस विद्यार्थीले बतायो। उसको त्यो जवाफले अपरिचित व्यक्तिको हृदय छोयो र उनले भनिन्, "ओहो, म पनि एक जमानमा एडभेन्टिस्ट थिएँ। मैले एक जना एडभेन्टिस्टसँग विवाह गरेको थिएँ, तर घरमा कचकचमात्र हुने भएकोले हामीले पारपाचुके गऱ्यौं।"

यो सुनेर लेभिसन खशी भयो। प्रथमतः परमेश्वरको प्रेम सुनाउन ऊ त्यस टापुमा आएको थियो। त्यस टापुको सय किलोमिटर रहेको सार्वजनिक म्जुजु विश्वविद्यालयमा लेभिसन अध्ययन गर्दै थिए। त्यस विद्यालयमा ८५०० विद्यार्थीहरू अध्ययन गर्दथे। त्यहाँ एडभेन्टिस्ट विद्यार्थीहरूको क्लब थियो। लेभिसन त्यस क्लबको सदस्य थियो। एडभेन्टिस्ट विद्यार्थीहरूको विश्वासलाई बलियो पार्न त्यस क्लब स्थापना भएको थियो। हप्ताको दुई पल्ट प्रार्थना सभा गरेर विद्यार्थी साथीहरूलाई सुसमाचार सुनाउने पनि तिनीहरूको लक्ष्य थियो। त्यो क्लब बढेर म्जुजु सेभेन्थ-डे एडभेन्टिस्ट चर्च खडा भएको थियो। त्यस क्षेत्रको अरूहरू ठाउँहरूमा र चिमुलुमा सुसमाचार सुनाउने ध्येय ती विद्यार्थीहरूको थियो।

लिभिसन त्यस महिला र उनको नयाँ श्रीमानको घरमा गयो र तिनीहरूलाई बाइबल सिकायो। बाइबल अध्ययन पछि उसले धेरै पुस्तकहरू दियो। ती पुस्तकहरूमा एलेन जी. ह्वाइटको *द ग्रेट कन्त्रोभर्सी* पनि थियो। जब दोस्रो पल्ट लेभिसन त्यस घरमा गए तब त्यस महिलाको श्रीमान *द ग्रेट कन्त्रोभर्सी* बढो चासो लिएर पढिरहेका थिए। "होइन, ए भाइ, शनिबार र आइतबारको बीचमा के भिन्नता छ?" उनले लेभिसनलाई सोधे। शनिबार र आइतबारको बारेमा जानकारी दिएको अन्तमा आफू र आफ्नी श्रीमती अर्को साबथमा चर्च जाने प्रतिवद्धता उनले देखाए।

केही हप्ता र महिनाहरूसम्म तिनीहरू चर्चमा सहभागी भए। तिनीहरूले आफ्ना हृदयहरूलाई येशूलाई सुम्पिने निर्णय गरे र बप्तिस्मा पनि लिए। आज तिनीहरू चिजुमुलु सेभेन्थ डे एडभेन्टिस्ट चर्चको सदस्य भएर सुसमाचार सुनाउने काममा जागरुत छन्।

जहाँपनि सुसमाचार सुनाउन परमेश्वरले युवा र युवतीहरूलाई प्रयोग गर्न सक्नुहुन्छ भन्ने कुरामा लेभिसनले विश्वास गर्दछ। "येशू ख्रीष्टको शुभसन्देश लिएर विभिन्न वर्गहरूमा जाने बेलाभएको छ," भनेर उनले सुनाए।

"केवल विद्यार्थीहरूले सुरु गरेको प्रार्थना सङ्गति बढेर चर्चको रूप लिनेछ भनेर हामीले कहिल्यै पनि सोचेका थिएनौं न त चिजुमुलुमा भएको पाथ फाइन्डर क्लबको कार्यक्रमले परमेश्वरको महिमाको निम्ति फल फलाउनेछ!" खुशी भएर लेबिसनले व्यक्त गरे।

**- ए.डी.भी. मोयो**